# विश्वविद्यालय अनुदान आयोग

पत्र संख्याः
च. नं.:

मितिः २०७६/०६/०९

**सूचना ।**

**विषयः**

उपर्युक्त सम्बन्धमा यस आयोगको कार्यक्रम कार्यविधि - २०७६ मा व्यवस्था गरिएका **अन्तराष्ट्रिय स्तरका सेमिनार/गोष्ठी/कार्यशाला** कार्यक्रम संचालन गर्न उच्च शैक्षिक संस्थाहरुलाई आर्थिक सहयोग उपलब्ध गराइने कार्यक्रमका लागि आयोगको कार्यक्रम कार्यविधिमा उल्लेख गरिएका आधार बमोजिम संलग्नानुसार टेबल नं. १ मा उल्लेखित संस्थाहरुलाई प्राज्ञिक समितिको २०७६/६/६ को सिफारिस तथा आयोगको मिति २०७६/६/०९ मा भएको निर्णयबाट आर्थिक सहयोगका लागि स्वीकृत भएको जानकारी गराइन्छ ।

कार्यक्रम संचालन गर्दा निम्नबमोजिमको प्रक्रिया अनुसार गर्नु/गराउनु पर्ने छः

१. कार्यक्रम संचालन गर्नु पूर्वः आयोगमा तालिका उपलब्ध गराउनु पर्नेछ र आयोगले कार्यक्रमको अनुगमन गर्न सक्नेछ ।
२. प्रस्तावमा उल्लेख भए अनुसारका सहभागीहरूलाई कार्यक्रममा समावेश गर्नुपर्ने छ ।
३. कार्यक्रमका लागि आयोगले सहयोग गरेको व्यहोरा व्यानर/प्रमाणपत्र/प्रतिवेदन मा उल्लेख भएको हुनु पर्ने छ ।
४. आयोगले प्रदान गर्ने रकम आंशिक मात्र भएकाले कार्यक्रम संचालन गर्न थप रकम आवश्यक भए सम्बन्धित संस्थाले नै व्यवस्थापन गर्नु पर्ने छ भने कम लागेमा खर्च भए अनुसारको रकम मात्र उपलब्ध गराइने छ ।
५. अनुदान रकम स्टेसनरी, तालिम समाग्री, खाजा तथा खाना, व्यानर, फ्लेक्स, पारिश्रमिक आदिका लागि प्रयोग गर्न सकिने छ ।
६. खर्च गर्दा प्रचलित कानून वमोजिम कर लाग्ने विषयहरुमा अग्रीम कर कट्टी गरी त्यसको दाखिला आन्तरिक राजस्व कार्यलयमा गर्नु पर्ने छ ।
७. चालु आ.व.मा स्वीकृत कार्यक्रमको भुक्तानी असार मसान्त सम्ममा लिइसक्नुपर्ने छ ।
८. विशेषज्ञलाई पारिश्रमिक दिँदा प्रचलित नियम कानूनको परिधिभित्र रहनु पर्नेछ । आन्तरिक विज्ञलाई पारिश्रमिक दिँदा प्रति सेसन सामान्यतया रू. २,००० र वाह्य विज्ञलाई रु. ३,०००/- सम्म दिन सकिनेछ ।
९. कार्यक्रम सम्पन्न गरी प्रतिवेदन प्राप्त भए पश्चात आयोगले नियमानुसारको अनुदान निकाशा दिने छ ।
१०. प्रतिवेदनमा कार्यक्रमको पृष्ठमूमि, उद्देश्य, संचालन विधि, सहभागीता, उपलब्धी तथा निश्कर्श र आगामी दिनमा यस्ता कार्यक्रम संचालन गर्दा लिनुपर्ने नीति/प्रक्रिया, आर्थिक विवरण (खर्च सम्बन्धि भएको विवरण), उपस्थिति विवरण, फोटो, प्रमाण-पत्रको प्रतिलिपि आदि समावेश भएको हुनु पर्ने छ । अन्तराष्ट्रिय/राष्ट्रिय सम्मेलन आयोजना गर्ने संस्थाले प्यानल छलफल भएको भए सोको विवरण, कार्यक्रम तालिका सहितको क्रियाकलाप विवरण (Proceedings), Abstracts/Article/Paper को विवरण तथा कार्यक्रममा सहभागी हुने संस्था र अन्य सरोकारवाला विचको अन्तरक्रिया गर्नु पर्ने किसिमको कार्यक्रम भए सो को विवरण समावेश गर्नु पर्ने छ ।
११. थप जानकारीका लागि आयोगको वेवसाइटमा राखिएको कार्यक्रम कार्यविधि - २०७६ को परिच्छेद - १० बाट हेर्न सकिने छ ।

..............................
विनोद भट्टराई
योजना तथा कार्यक्रम अधिकृत

सानोठिमी, भक्तपुर, फोनः ६६३८४५८, ६६३८५४९, ६६३८५५०, ६६३८५५१, फ्याक्सः ९७७-१-६६३८५५२, पोष्ट बक्स नं. १०७९६ काठमाडौं, नेपाल
ईमेलः ugc@ugcnepal.edu.np, Website: www.ugcnepal.edu.np

# University Grants Commission

Sanothimi, Bhaktapur

International Conference/Workshop/Seminar - 2076/77

**Table - 1, Eligible**

| SN | Institution | Affiliation | Address | Title of Program | Days | Proposed Date | Approved Amount upto Rs | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Kathmandu University School of Education | K U | Hattiban, Lalitpur | International Conference on Technical and Vocational Education and Training (ICTVET) 2019 | 2 | Sept 11-12, 2019 | 200,000 | |
| 2 | Research Center | NSU | Kathmandu | Maxism and Asian Philosophy | 2 | Aug 19-20, 2019 | 150,000 | |

UNIVERSITY GRANTS COMMISSION